# मेसिन रिडेवल राहदानी (MRP) सम्बन्धी जानकारी

१) मेसिन रिडेवल राहदानी (MRP) जारी गर्न तथा राहदानी सम्बन्धी अन्य काम कारवाही गर्नका लागि नेपाल सरकारले परराष्ट्र मन्त्रालय अन्तरगत रहने गरी केन्द्रीय राहदानी कार्यालयको स्थापना गरी उक्त कार्यालयले कार्यारम्भ गरिसकेको व्यहोरा जानकारी गराइन्छ ।

२) राजदूताबासबाट हाल जारी भैरहेको हस्तलिखित राहदानीहरु यही मिति २०६७ पौष ४ गते अर्थात डिसेम्बर १९, २०१० सम्म मात्र जारी गरिनेछ ।

३) मिति २०६७ पौष ४ गते अर्थात डिसेम्बर १९, २०१० सम्म जारी गरिएको हस्तलिखित राहदानीहरु अधिकतम २४ नोभेम्बर २०१५ सम्म बहाल रहने हुंदा ६ महिना भन्दा बढी म्याद बांकी भएका हस्तलिखित राहदानी बाहकहरुका राहदानीमा पेज सकिएकोमा बाहेक मेसिन रिडेवल राहदानीका लागि निवेदन गर्न आवश्यक छैन ।

## राहदानी फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरु

४) मेसिन रिडेवल राहदानीका लागि राहदानी नियमावली, २०६७ को अनुसूची २ मा नयां दरखास्त फारामको नमूना तोकिएको छ । उक्त फाराम यहां क्लिक गरेर डाउनलोड गर्न सकिने छ । निवेदकले MRP का लागि निवेदन दिंदा उक्त फारामलाई कम्प्यूटरमा टाइप गरी प्रिन्ट गरेर राजदूताबासमा पेश गर्नु पर्नेछ । कम्प्यूटरबाट भरी प्रिन्ट गर्न संभव नभएमा उक्त फारामलाई गाढा कालो मसीले सफा, शुद्ध र पूर्ण रुपले भरी दुई प्रति फाराम पेश गर्नु पर्नेछ । फाराम भर्ने तरिका यहां क्लिक गरेर हेर्न सकिने छ । फाराम प्रिन्ट गर्दा वेवसाइटमा लेखिएको निर्देशन Follow गरी प्रिन्ट गरिएको फाराम मात्र मेसिनले पढ्न सक्ने हुंदा उक्त निर्देशन पालन गरि फाराम प्रिन्ट गर्नुहुन अनुरोध छ । ठीक रुपमा भरिएको राहदानी फाराम र ठीक रुपमा नभरिएको राहदानी फारामका नमूनाहरु यहां क्लिक गरेर हेर्न सकिनेछ ।

५) राहदानी निवेदन फाराममा भरिने विवरण, औंठा छाप तथा हस्ताक्षर डिजिटल प्रविधिद्धारा स्क्यान गरी राहदानी तयार गर्न प्रयोग गरिने हुंदा फाराम भर्दा केरमेट गर्नु हुंदैन । निवेदन फाराममा तोकिएको Applicant's Signature बक्समा गाढा कालो मसिले निवेदकको पूरा दस्तखत गरिएको हुनु पर्नेछ । उक्त दस्तखतलाई डिजिटल प्रवधिबाट Capture गरी निवेदकको राहदानीमा राखिने हुंदा सो दस्तखत निवेदकले संधै गर्ने दस्तखतसंग मिल्ने र पूर्ण हुनुपर्नेछ । फरक परेमा निवेदक स्वयं जिम्मेवार हुनेछ ।

६) MRP का लागि निवेदकले चार प्रति फोटो पेश गर्नुपर्नेछ र फोटो सम्बन्धी विवरणको लागि यहां क्लिक गर्न सकिनेछ । उक्त विवरणमा उल्लेखित मापदण्ड पुग्ने फोटो मात्र MRP का लागि ग्राह्य हुने हुंदा फोटोको मापदण्ड पूरा गरेर मात्र निवेदन पठाउनु हुन अनुरोध छ । तसर्थ राहदानी निवेदनसाथ तोकिएको मापदण्ड पुग्ने फोटो मात्र स्वीकार गरिनेछ ।

**राहदानी तयार हुन लाग्ने समय**

७) राजदूतावासमा राहदानीका लागि प्राप्त हुन आएका निवेदनसाथ फोटो लगायतका कागजातहरु पर्याप्त भएमा मात्र प्रिन्टका लागि केन्द्रीय राहदानी कार्यालय, काठमाण्डौमा उक्त कागजातहरु पठाइनेछ । निवेदनसाथ प्राप्त कुनै कागजातको सत्यता बुझ्न राजदूतावासलाई आवश्यक लागेमा नेपालको सम्बन्धित निकायमा बुझी प्रमाणित भएर आएपछि मात्र त्यस्तो निवेदन केन्द्रीय राहदानी कार्यालयमा पठाइनेछ । केन्द्रीय राहदानी कार्यालयमा निवेदकको फाराम केन्द्रीय राहदानी कार्यालयले आफूकहां निवेदन प्राप्त भएको मितिले सामान्यत: ६ देखि ८ हप्ता भित्रमा MRP तयार गरी रादूतावासमा प्रेषित गर्नेछ । राजदूतावासमा MRP प्राप्त भएपछि निवेदकले राजदूतावासमा स्वयं आई बुझी लिन वा निवेदकले तोकेको ठेगानामा उक्त राहदानी पठाउन सकिनेछ ।

**अस्थायी राहदानी**

८) नेपाली राहदानी बाहकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, राहदानी हराएमा वा नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयां राहदानी बनाउनको लागि राजदूतावासमा निवेदन दिएमा आवश्यक परेको अवस्थामा त्यस्ता बाहकलाई मेसिन रिडेवल राहदानी जारी नहुन्जेलसम्मका लागि राजदूतावासबाट अस्थायी राहदानी जारी गर्न सकिनेछ । त्यस्तो राहदानी जारी भएको मितिबाट ६ महिनासम्म बहाल रहनेछ ।

**राहदानीको शुल्क तथा संशोधन प्रकिया**

९) साधारण राहदानी, यात्रा अनुमतिपत्र (Travel Document) तथा अस्थायी राहदानीको लागि देहाय बमोजिम शुल्क लाग्नेछ ।

साधारण राहदानी - यूरो १२० (एक सय बीस)
यात्रा अनुमतिपत्र - यूरो ३५ (पैंतीस)
अस्थायी राहदानी - यूरो १७ (सत्र)

तर पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानीमा क्षति पुर्‍याएको वा हराएको कारणले नयां राहदानी लिनु पर्दा उपरोक्त शूल्कको दोब्बर अर्थात यूरो २४० (दुईसय चालीस) लाग्नेछ ।

१०) मेसिन रिडेवल राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लेख भएको विवरणमा सामान्यतया कुनै संशोधन गरिने छैन । राहदानी वा यात्रा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण संशोधन गर्नु परेमा राहदानी वा यात्रा अनुमतिपत्र बाहकले सो प्रयोजनका लागि कारण खुलाई यस राजदूतावासमा निवेदन दिनु पर्नेछ । निवेदनसाथ सक्कल राहदानी वा यात्रा अनुमतिपत्र पनि संलग्न गर्नुपर्नेछ । निवेदकले राहदानी वा यात्रा अनुमतिपत्रका लागि दिएको निवेदनमा गल्ती विवरण उल्लेख गरेको वा कुनै विवरण उल्लेख गर्न छुटाएको कारणले तयार भैसकेको राहदानीमा संशोधन गर्नु परेमा नयां राहदानी वा यात्रा अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेछ । यसरी नयां राहदानी वा यात्रा अनुमतिपत्र बनाउनु पर्दा उपरोक्त नं ९ मा उल्लेख भए बमोजिम पुन: दस्तुर लाग्नेछ ।

**<u>राहदानी वा यात्रा अनुमतिपत्रको लागि राजदूतावासमा निवेदन दिदां संलग्न गर्नुपर्ने कागजातहरु</u>**

११) हाल प्रयोग गरिरहेको राहदानीको आधारमा नयां राहदानीको लागि निवेदन दिदां देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- रीत पूर्वक भरिएको राहदानी निवेदन फाराम दुई प्रति
- हाल प्रयोगमा रहेको राहदानीको सक्कल
- उपरोक्त नं. ६ मा उल्लेख भए अनुसारको फोटो चार प्रति
- नेपाली नागरिकता प्रमाणपत्रको सक्कल

१२) हराएको राहदानीको आधारमा नयां राहदानीको लागि निवेदन दिदां देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- रीत पूर्वक भरिएको राहदानी निवेदन फाराम दुई प्रति
- राहदानी हराएको स्थानको प्रहरी प्रतिवेदन
- उपरोक्त नं. ६ मा उल्लेख भए अनुसारको फोटो चार प्रति
- नेपाली नागरिकता प्रमाणपत्रको सक्कल
- हराएको राहदानीको फोटोकपी

१३) नावालकको लागि छुट्टै राहदानीको लागि निवेदन दिदां देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- राजदूतावासलाई सम्बोधन गरी नाबालकको बाबु वा आमाले बच्चाको लागि छुट्टै राहदानी आवश्यक परेको कारण सहितको निवेदन
- रीत पूर्वक भरिएको राहदानी निवेदन फाराम दुई प्रति
- नाबालक परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्रको सक्कल
- नाबालकको बाबुको नेपाली नागरिकता प्रमाणपत्रको सक्कल
- उपरोक्त नं. ६ मा उल्लेख भए अनुसारको फोटो चार प्रति
- नाबालकको बाबु आमाको विवाह दर्ता प्रमाणपत्रको सक्कल

१४) यात्रा अनुमतिपत्रको लागि निवेदन दिदां देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- रीत पूर्वक भरिएको राहदानी निवेदन फाराम दुई प्रति
- नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीको फोटोकपी
- उपरोक्त नं. ६ मा उल्लेख भए अनुसारको फोटो चार प्रति
- राहदानी हराएको भएमा स्थानीय प्रहरी प्रतिवेदन
- राजदूतावासलाई सम्बोधन गरी नेपाली राहदानी विहिन हुनुको कारण खोलिएको निवेदन

## राहदानी वा यात्रा अनुमतिपत्रको शुल्क बुझाउने तथा निवेदन पठाउने तरिका

१५) राहदानी वा यात्रा अनुमतिपत्रको लागि लाग्ने शुल्क निवेदकले स्वयं राजदूतावासमा उपस्थित भै नगदमा बुझाउन सकिनेछ । राजदूतावासमा उपस्थित हुन सम्भव नभएमा देहायको बैकंमा रहेको राजदूतावासको खातामा तोकिएको शुल्क जम्मा हुने गरी Transfer गर्न सकिनेछ । व्यक्तिगत चेक (personal check) स्वीकार गरिने छैन ।

COMMERZBANK, Berlin
Account No.: 2660207 00
Bank Code No.: 100 400 00
EBAN: DE 79 100 400 000 26 60 20 700
SWIFT: COBADEFFXXX

१६) राहदानी वा यात्रा अनुमतिको लागि निवेदन दिदां निवेदक स्वयं राजदूतावासमा उपस्थित भै वा हुलाक मार्फत निवेदन पठाउन सकिनेछ । हुलाक मार्फत निवेदन पठाउदा हुलाक खर्च निवेदक स्वयंले व्यहोर्नु पर्नेछ । यसरी हुलाक मार्फत निवेदनका साथ कागजातहरु पठाउदा राहदानी तयार भै सकेपछि निवेदकको ठेगानामा प्रेषित गर्न द्रुत सेवा दिने कुनै कम्पनी मार्फत तयारी खाम (Prepaid envelope) पनि संलग्न गरी पठाउनु पर्नेछ । निवेदकको ठेगानामा राहदानी वा यात्रा अनुमतिपत्र प्रेषित गर्न प्रयोग गरिने खाम बलियो र उपयुक्त आकारको हुनु पर्नेछ । अपर्याप्त हुलाक शुल्क वा कमजोर खाम वा गलत ठेगानाका कारण राहदानी गन्तव्यमा पुग्न नसकेको अवस्थामा राजदूतावास जिम्मेवार हुने छैन ।

१७) राहदानी निवेदन फाराम तथा संलग्न कागजातहरु राजदूतावासमा पठाउंदा नपट्याइ सग्लो रुपमा पठाउनु पर्नेछ । साथै, राहदानी वा यात्रा अनुमतिपत्रको लागि लाग्ने शुल्क निवेदनसाथ खाममा राखेर हुलाक वा अन्य द्रुत सेवा मार्फत नपठाउनु हुन अनुरोध गरिन्छ ।

१८) अष्ट्रिया, चेक गणतन्त्र, हंगरी, पोल्याण्ड, स्लोभाक गणतन्त्र तथा स्लोभेनियामा बसिरहेका निवेदकहरुले राहदानी तयार भै सकेपछि फिर्ता पठाउनको लागि खामको आकार र तौलको आधारमा शुल्क निर्धारण हुने भएकोले अतिरिक्त हुलाक खर्चको रुपमा यूरो ५ देखि १० सम्मको रकम राजदूतावासको उपरोक्त बैक खातामा जम्मा गर्नु पर्नेछ ।

१९) थप जानकारीको लागि कार्यालय समयमा राजदूतावासमा सम्पर्क गर्न सकिनेछ ।